यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कौशी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/८३
चलानी नम्बर :- १४०५

मिति : २०८२।११।०८

श्री सूचिकृत परामर्शदाताहरु सबै,

**विषय : आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक बर्ष ०८२।०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत मानव संसाधन विकास योजना तर्जु गर्न बजेट स्वीकृत भएकोले भइ खरिद समितिबाट कार्य संचलन गर्न निर्णय भएकोले यसै पत्र साथ संलग्न कार्यविवरण(TOR) बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

११।०८

(निराजन राज लम्साल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# मानव संसाधन विकास योजना तर्जुमा तथा कार्यान्वयनको लागि कार्यक्षेत्रगत शर्त (ToR)

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## १. पृष्ठभूमि

गुणस्तरीय मानव संसाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्यकुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँच पुऱ्याउन सघाउ पुग्छ । मानव संसाधनको विकास र उपयोगका लागि विगतमा कार्यक्रमहरू सञ्चालन गरिए पनि अपेक्षित उपलब्धि हुन सकेको छैन । श्रम शक्तिमा वृद्धि भएअनुरूप स्वदेशमा रोजगारीका अवसरहरू वृद्धि हुन नसक्दा ठूलो सङ्ख्यामा युवाहरू विभिन्न मुलुकमा रोजगारीका लागि विदेशिने गरेका छन् । यीमध्ये अधिकांश अदक्ष कामदारका रूपमा रहेका छन् । यस्ता युवाहरूलाई व्यावसायिक तथा प्राविधिक शिक्षा तथा सीपमूलक तालिमको माध्यमबाट सीपयुक्त तथा क्षमतायुक्त जनशक्तिमा परिणत गरी स्वदेश तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने तुल्याउन जरुरी देखिएको छ । मुलुकभित्रै उत्पन्न रोजगारीका अवसरहरू नेपालीले नै उपयोग गर्नसक्ने वातावरण पनि सिर्जना गर्नुपरेको छ ।

विगत केही वर्षदेखि देशभरि जस्तै यसोधरा गाउँपालिकाबाट पनि कतिपय प्राविधिक एवं व्यवस्थापकीय सीप र क्षमता भएका जनशक्ति वैदेशिक रोजगारीका लागि विदेश जाने र उतै पलायन हुने क्रम बढ्दो छ । यसरी एकातर्फ ठूलो सङ्ख्यामा अर्धदक्ष एवं अदक्ष युवा जनशक्ति विदेशिनु परेको कारणले विकास निर्माण कार्यमा आवश्यक जनशक्तिको अभाव देखिएको छ भने अर्कोतर्फ पालिकामा उत्पादित जनशक्ति र देशमा माग भएको जनशक्तिबिचमा तालमेलको अभाव रहेको छ । पालिकामा मानव संसाधनको विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी सृजना जस्ता क्षेत्रमा पूर्वाधार विकासको लागि प्रयास गरे तापनि आशातित नतिजा प्राप्त हुन सकेको छैन । विशेषगरी ग्रामीण क्षेत्र, महिला, दलित तथा अन्य पिछडिएका क्षेत्र, वर्ग, समुदायमा विकासको प्रयास पुग्न नसक्दा पालिकाको मानव संसाधन विकासले अपेक्षित गति लिन सकेको छैन । यसर्थ, विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने र देशको परिवर्तित आवश्यकताबमोजिम परिस्थिति सुहाउँदो जनशक्तिको सङ्ख्यात्मक र गुणात्मक क्षमता विकास गर्ने क्षेत्रमा मानवीय विकास केन्द्रित हुनु पर्दछ ।

मानव संसाधन विकासका लागि समय सापेक्षा नीति तथा रणनीतिको अभावको कारणले देशभरी छरिएर रहेका उत्पादनशील जनशक्तिको उचित व्यवस्थापन गरी राष्ट्र निर्माणको अभियानमा लगाउन नसक्नु समस्याको रूपमा रहेको छ । देशमा विद्यमान सक्रिय जनसंख्याको प्रचुरताबाट जनसांख्यीय लाभ लिनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागबमोजिमको दक्ष जनशक्ति तयार गर्नु, स्वदेशमै रोजगारीको अवसर सृजना गरी वैदेशिक रोजगारीमाथिको निर्भरता कम गर्नु, देशमा उत्पादित जनशक्ति र मागबीच उचित तालमेल मिलाउनु, दक्ष जनशक्ति उत्पादनको लागि देशमा सञ्चालित विद्यमान तालिम केन्द्रहरूबीच उचित समन्वय कायम राख्नु, ग्रामीण क्षेत्र, महिला, दलित, पिछडिएका क्षेत्र, वर्ग, समुदायमा पुग्ने गरी विकासका गतिविधिहरू सञ्चालन गर्नु जस्ता चुनौतीहरू रहेको यस क्षेत्रमा एक दीर्घकालीन कार्ययोजना सहितको मानव संसाधन विकास योजनाको खाँचो रहेको छ । यहि अभावलाई पूर्ति गर्ने उद्देश्यले यसोधरा गाउँपालिका, कपिलवस्तुको मानव संसाधन विकास योजना तर्जुमाका लागि यो कार्यशर्त (Terms of Reference) तयार पारिएको हो ।

## २. अध्ययनको उद्देश्य

यसोधारा गाउँपालिकाका लागि ५ वर्षे मानव संसाधन विकास योजना तर्जुमा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो र यसको अन्य विशिष्ट उद्देश्यहरू निम्न अनुसार अनुसार छन्:

- वर्तमान मानव संसाधन अवस्थाको विश्लेषण गर्नु,
- भविष्यमा हुने मानव संसाधनको माग र आपूर्तिको मूल्याङ्कन गर्नु,



प्रमुख प्रशासकीय अधिकृत

- आपूर्ति र मागबीच हुन सक्ने अन्तरलाई हटाउनका लागि आवश्यक योजना तर्जुमा गर्नु,
- मानव संसाधन विकास योजनाको कार्यान्वयन संयन्त्र प्रस्ताव गर्नु ।

यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैदौली,कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

## ३. कार्यक्षेत्र (Scope of Work)

परामर्शदाता र अध्ययन टोलीले निम्न कार्यहरू सम्पन्न गर्नु पर्नेछ:

- मानव संसाधनसँग सम्बन्धित कानुन, नीति, निर्देशिकाको अध्ययन तथा विश्लेषण गर्नु,
- विद्यमान श्रम बजारको विश्लेषण गर्नु,
- पालिकासँग सम्वन्धित कर्मचारीहरूसँग अन्तर्वार्ता तथा समूह केन्द्रित छलफल गर्नु,
- तालिम तथा क्षमता विकास आवश्यकताको पहिचान गर्नु,
- मानव संसाधन अन्तर (HR Gap) विश्लेषण गर्नु,
- श्रमक्षेत्रमा रहेका मुख्य समस्याहरूको पहिचान गर्नु,
- ५ वर्षे मानव संसाधन विकास रणनीति, कार्ययोजना र लागत अनुमान तयार गर्नु,
- मस्यौदा प्रतिवेदन प्रस्तुत गरी सुझाव समेटेर अन्तिम प्रतिवेदन तयार गर्नु ।

## ४. अध्ययन विधि

मानव संसाधन विकास योजना तर्जुमा गर्दा निम्न विधिहरु अपनाउनु पर्नेछ।

### ४.१ तथ्याङ्क संकलन विधि

४.१.१ **दस्तावेज समीक्षा:** कानुन, नीति, निर्देशिकाको अध्ययन तथा विश्लेषण ।

४.१.२ **प्रमुख सूचनादातासँग अन्तर्वार्ता:** श्रम बजारको वर्तमान अवस्था एवम् भविष्यमा गर्नु पर्ने सुधारका उपायहरुको बारेमा सुझाव संकलन, श्रमको गुणस्तर बृद्धि गर्न आवश्यक पर्ने क्षमता विकासका विभिन्न कार्यक्रमहरुको पहिचान।

४.१.३ **समूह केन्द्रित छलफल:** विद्यमान मानव संसाधन विश्लेषण, हालका सीप, भुमिका र यसमा देखिएका अन्तरहरूको मूल्याङ्कन, मानव संसाधन विकास योजना तर्जुमा गर्दा समेट्नु पर्ने मुख्य क्षेत्रहरुको पहिचान, योजना कार्यान्वयन लागि आवश्यक अनुमानित वजेट र स्रोतहरू पहिचान, योजनाको कार्यान्वयन संयन्त्रका बारेमा छलफल।

**४.२ तथ्याङ्क विश्लेषण:** परिमाणात्मक र गुणात्मक विधिद्वारा तथ्याङ्क हरुको विश्लेषण गर्नु पर्नेछ।

## ५. कार्य संचालन तथा प्रतिवेदन

मानव संसाधन विकास योजना तर्जुमा तथा कार्यान्वयन प्रतिवेदन कार्य सम्झौता भएको मितिले ९० दिन भित्र पालिकामा बुझाउनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

६. प्रतिवेदनको भाषा

तयार गरिने प्रतिवेदनको भाषा नेपालीमा हुनु पर्नेछ।

७. परामर्शदाता संस्थाको योग्यता

विस्तृत परियोजना प्रतिवेदन तर्जुमा गर्न इच्छुक फर्मको न्यूनतम योग्यता निम्नानुसार हुनुपर्नेछः

क) संस्थाको विधान वा प्रबन्ध पत्र तथा नियमावलीमा उल्लिखित उद्देश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रूपमा दर्ता भई सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव हुनुपर्नेछ,

ख) संस्था विधिवत दर्ता भएको हुनु पर्नेछ,

ग) कार्यक्षेत्रगत शर्तमा उल्लेख भएका जनशक्ति उपलब्ध हुनु पर्नेछ,

घ) नेपाल सरकारको नियमानुसार मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्नेछ,

ङ) आ.ब. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र/कर चुक्ताको लागि म्याद थप गरिएको हुनु पर्नेछ,

च) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ।

८. संलग्न जनशक्तिको न्यूनतम योग्यता

परामर्श सेवा प्रदान गर्ने आवेदक सेवा प्रदायकले निम्नानुसारको विज्ञ टोलीको व्यवस्था एवं परिचालन गर्नु पर्नेछ।

| जनशक्ति | संख्या | योग्यता |
|---|---|---|
| टोलीप्रमुख/योजनाविज्ञ | १ जना | मान्यता प्राप्त विश्वविद्यालयबाट मानव स्रोत व्यवस्थापन, जनसंख्या अध्ययन, व्यवस्थापन वा अन्य सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भई वा सो भन्दा माथिल्लो उपाधि हासिल गरेको, स्थानीय तहको योजना निर्माण, अध्ययन तथा अनुसन्धान जस्ता कार्यमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको। साथै टोली परिचालन, नेतृत्व र समन्वय गर्न सक्ने सीप तथा क्षमता भएको। |
| सामाजिक/आर्थिक विज्ञ | १ जना | मान्यता प्राप्त विश्वविद्यालयबाट समाजशास्त्र, जनसंख्या, अर्थशास्त्र, ग्रामिण विकास, वा सामाजिक विज्ञान विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भई स्थानीय तहको योजना तर्जुमा तथा प्रतिवेदन लेखन जस्ता कार्यमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको। साथै, स्थानीय तहमा सहजीकरण, अभिमुखिकरण तथा सहभागितामुलक रुपमा छलफल सञ्चालन गर्न सक्ने ज्ञान तथा सीप भएको। |
| कम्प्युटर सहायक | १ जना | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण वा सो सरह शैक्षिक योग्यता भई कम्प्युटर सम्बन्धी ज्ञान र सिप भएको तथा नेपाली तथा अंग्रेजी भाषामा राम्रोसँग टाइपिङ गर्न र गुणस्तरिय प्रतिवेदन तयार गर्न सक्ने। |



प्रमुख प्रशासकीय अधिकृत

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

९. पेश गर्नुपर्ने दस्तावेज

कार्यक्षेत्रगत शर्त (ToR) मां उल्लेख भए बमोजिम परामर्शदाताले निम्न दस्तावेज पेश गर्नुपर्ने।

| क्र.सं. | पेश गर्नुपर्ने दस्तावेज | पेश गर्नुपर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १. | मस्यौदा प्रतिवेदन | यसोधरा गाउँपालिका, कपिलवस्तु | विद्युतीय तथा भौतिक १/१ प्रति |
| २. | अन्तिम प्रतिवेदन | यसोधरा गाउँपालिका, कपिलवस्तु | विद्युतीय तथा भौतिक २/२ प्रति |

१०. समन्वय र साझेदारी

छनौट भएका सेवाप्रदायक संस्था/कम्पनि/फर्मले यसोधरा गाउँपालिकासँग समन्वय गरी मानव संसाधन विकास योजना तर्जुमा गर्नुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत